## ........................................................स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको विधान २०८१

**प्रस्तावना:**

नेपाल अधिराज्यको ................ प्रदेश ................. जिल्लाको ............... गा.पा./न.पा., वडा नं. ... मा निर्माण हुने स्यालो ट्यूववेल सिंचाई प्रणालीमा कृषक उपभोक्ताहरुले मिलिजुली उपयोग, संचालन, मर्मत संभार गर्ने उद्देश्यले यस वडा नं. ... का कृषक उपभोक्ताहरुको भूमिगत जल उपभोक्ता समिति गठन गर्नको लागि यो विधान बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस विधानको नाम ........................................ स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको विधान २०८१ रहेको छ ।

ख) यो विधान भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यलय, बूटवल रुपन्देहीमा दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

ग) यस विधान अनुसार गठनभएको समिति अविछिन्न उत्तराधिकारवाला स्वयत्त संस्था हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

क) समिति भन्नाले .............................. स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समिति सम्झनुपर्छ ।

ख) सिंचाई क्षेत्र भन्नाले ........................ प्रदेश ...................... जिल्ला ................... गा.पा./न.पा., वडा नं. ....... स्थित पुर्व ..........................., पश्चिम .........................., उत्तर ..........................., दक्षिण ......................... यति चार किल्लाभित्रको सिंचित क्षेत्र सम्झनुपर्छ ।

ग) कार्यकारी समिति भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ ।

घ) साधारण सभा भन्नाले समितिको साधारण सभा सम्झनुपर्छ ।

ङ) अध्यक्ष भन्नाले यस स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको अध्यक्ष सम्झनुपर्छ ।

च) उपाध्यक्ष भन्नाले यस स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको उपाध्यक्ष सम्झनुपर्छ।

छ) सचिव भन्नाले यस स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको सचिव सम्झनुपर्छ ।

ज) सदस्य भन्नाले यस स्यालो ट्यूववेल सिंचाई जल उपभोक्ता समितिको सदस्य सम्झनुपर्छ ।

झ) कार्यकारी सदस्य भन्नाले समितिको कार्यकारी सदस्य तथा कार्यकारी समितिका पदाधिकारीलाई समेत जनाउने छ ।

ञ) पदाधिकारी भन्नाले समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष सम्झनुपर्छ र सो शब्दले निजहरुको पद ग्रहण गर्ने सदस्य वा कार्यकारी सदस्यलाई समेत जनाउनेछ ।

**३.संस्थाको छाप:**

संस्थाको आफ्नो कामको लागि एउटा छुट्टै छाप यस विधानको अनुसूची १ बमोजिम हुनेछ ।

**४.समितिको कार्यालय:**

समितिको कार्यालय ........................ प्रदेश ...................... जिल्ला .................. गा.पा./न.पा., वडा नं. ............ मा रहनेछ ।

## परिच्छेद २
## उद्देश्य

**५. समितिको उद्देश्य:**

समितिको उद्देश्य देहाय बमोजिम रहनेछ ।

जिल्ला .................... गा.पा./न.पा., ............................ वडा नं .......... का स्थानिय जल उपभोक्ताहरुले निर्माण गरेको स्यालो ट्यूबवेल सिंचाई प्रणाली संचालन, मर्मत संभार गरी दफा २ को उप दफा (ख) मा उल्लेखित क्षेत्रफलभित्र जल उपभोक्ताहरुलाई भरपर्दो सिंचाई सुविधा पुर्‍याई कृषि उपज वृद्धि गर्ने ।

## परिच्छेद ३
## सदस्यता

**६.सदस्यको योग्यता:**

क) सिंचाई क्षेत्रफलभित्रका जग्गाहरुमध्ये मोहियानी लागेको जग्गाको हकमा मोही र मोहियानी नलागेको जग्गाको हकमा स्यालो ट्यूबवेल धनी स्वत: समितिको साधारण सदस्य हुनेछन् । त्यस्ता सदस्यको उमेर १६ वर्ष पुरा भएको हुनुपर्नेछ ।

ख) १६ वर्षभन्दा कम उमेरका जग्गाधनी वा मोहीको हकमा निजको संरक्षक संस्थाको सदस्य हुनेछ ।

ग) स्यालो ट्यूबवेलसंग संबन्धित किसानले स्यालो ट्यूबवेल निर्माणमा आवश्यक रकम व्यहोरेका भए ती प्रत्येक किसानहरु स्वत: यस स्यालो ट्यूबवेल सिंचाई जल उपभोक्ता समितिको साधारण सदस्य हुनेछन् ।

घ) स्यालो ट्यूबवेलका उपभोक्ताहरुले स्यालो ट्यूबवेल धनीसंग मिलेर आपसी समझदारीमा सिंचाई प्रणालीको पुन: निर्माण, संचालन र मर्मत संभार शुल्क व्यहोर्नु पर्नेछ ।

**७. सदस्यता शुल्क:**

क) समितिको साधारण सदस्यले साधारण सभाबाट निर्धारण गरिए बमोजिमको वार्षिक सदस्यता शुल्क साधारण सभाले निर्णय गरेको समयदेखि प्रत्येक वर्ष समितिमा बुझाउनु पर्नेछ ।

ख) उप दफा (क) मा उल्लेखित सदस्यता शूल्कको अतिरिक्त प्रत्येक सदस्यले सिंचाई प्रणालीको पुन: निर्माण, संचालन र मर्मत संभारको लागि परिआउने खर्चको लागि साधारण सभाले निर्णय गरे बमोजिमको शुल्क व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ४
## साधारण सभा

**८. साधारण सभा:**

क) समितिका संपुर्ण सदस्यहरु भएको एक साधारण सभा हुनेछ ।

ख) प्रत्येक वर्ष हिउदेवाली लगाउनुभन्दा पहिले एकपटक समितिको साधारण सभा हुनेछ ।

ग) पच्चिस प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले समितिको असाधारण सभा बोलाउनु पर्नेछ ।

घ) साधारण सभा वा असाधारण सभा हुने मिति, समय, स्थान विषयसूची कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ङ) साधारण सभा वा असाधारण सभाको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित रहेमा साधारण सभामा उपस्थित सदस्यहरुले आफुहरुमध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

च) साधारण सभा हुनुभन्दा ७ दिन अगावै सबै सदस्यहरुलाई साधारण सभा हुने मिति, समय, स्थान र सो. सभामा हुने छलफलका विषयहरु समेत खुलाई सार्वजनिक रुपमा जानकारी दिइनेछ ।

छ) सदस्य संख्याको ५० प्रतिशत सदस्यहरु उपस्थित नभएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने छैन ।

ज) पहिलो पटक सुचना दिई साधारण सभा बस्दा गणपूरक संख्या पुगेन भने दोस्रो पटक ३ दिनको म्याद दिई साधारण सभा बस्ने सुचना दिइनेछ ।

झ) यसरी दोस्रो पटकको सूचना अनुसार साधारण सभा बस्दा कूल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरु उपस्थित भएपनि साधारण सभाको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

ञ) साधारण सभामा बहुमतको निर्णय मान्य हुनेछ ।

ट) साधारण सभा संबन्धि अन्य कार्यविधि साधारण सभाले नै निर्धारण गर्नेछ ।

## ९. साधारण सभाको काम, कर्तब्य र अधिकार:

साधारण सभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) भूमिगत स्यालो ट्यूववेल सिंचाई प्रणाली पुनः निर्माण, संचालन तथा मर्मत संभारको लागि आवश्यक नियमावली तयार गरी लागू गराउने ।

ख) साधारण सभाका सदस्यहरुमध्येबाट समितिका पदाधिकारीहरुको निर्वाचन गर्ने । संस्थाको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

ग) संस्थाको आर्थिक वर्षको वार्षिक कार्यक्रम तयार गर्ने ।

घ) समितिको आर्थिक स्रोतको आधारमा कार्यकारी समितिले तयार गरी पेश गरेको वार्षिक आय र व्ययको अनुमान स्वीकृत गर्ने ।

## १०. कार्यकारी समितिको गठन:

क) साधारण सभाले सदस्यहरुमध्येबाट निर्वाचित व्यक्तिहरु रहेको कार्यकारिणी इकाईका रुपमा एक कार्यकारी समिति गठन गर्नेछ ।

ख) कार्यकारी समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषध्यक्ष गरी चारजना पदाधिकारीहरु र सात जना कार्यकारी सदस्यहरु रहने छन् ।

ग) पदाधिकारी र कार्यकारी सदस्यहरुको कार्यावधि तीन वर्षको हुनेछ ।

## ११. कार्यकारी समितिको बैठक:

क) कार्यकारी समितिको बैठक कम्तिमा वर्षको १२ पटक बस्नेछ ।

ख) अध्यक्षले आवश्यक भएमा कार्यकारी समितिको जरुरी बैठक बोलाउने आदेश दिन सक्नेछ । २५ प्रतिशतभन्दा बढि कार्यकारी सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा पनि यस्ता जरुरी बैठक बस्न सक्नेछ ।

ग) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले बोलाउने छ ।

घ) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थिति रहेमा कार्यकारी समितिको बैठकमा उपस्थित कार्यकारी सदस्यहरुले आफु मध्येबाट छानेको जेष्ठ सदस्यले गर्नेछ ।

ङ) कार्यकारी समितिको बैठकमा ५० प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक मानिनेछ ।

च) कार्यकारी समितिको बैठकको सूचना बैठक बस्नुभन्दा कम्तिमा ३ दिन अगावै सबै कार्यकारी सदस्यहरुलाई दिई सक्नुपर्छ ।

छ) पहिलो पटक सूचना गरी बसेको कार्यकारी समितिको बैठकमा गणपूरक संख्या नपुगेमा दोस्रो पटक सूचना गरिनेछ ।
ज) दोस्रोपटक सूचना गर्दा कार्यकारी समितिको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा पनि बैठक बस्न सक्नेछ ।
झ) कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।
ञ) बैठक संबन्धि अन्य कार्यविधि कार्यकारी समितिले आफैले निर्धारण गर्नेछ ।

**१२. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:**
कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) साधारण सभाले पारित गरेको योजना र कार्यक्रम कार्यान्वयन गर्ने ।
ख) खण्ड (क) मा उल्लेखित योजना र कार्यक्रम कार्यान्वयन गर्नका लागि परिआउने आवश्यक खर्च गर्ने ।
ग) समितिको आय व्ययको वार्षिक विवरण र कार्यक्रम साधारण सभामा पेश गर्ने ।
घ) समितिले गर्नूपर्ने सबै काम समितिको नामबाट गर्ने गराउने ।
ङ) कार्यकारी समितिलाई प्राप्त अधिकारमध्ये सबै वा केहि अधिकार कुनै पदाधिकारी वा कार्यकारी सदस्यलाई प्रत्यायोजन गर्ने ।
च) कुनै पदाधिकारी वा कार्यकारी सदस्यको पद बीचमा रिक्त हुन आएमा साधारण सभा नभएसम्मको लागि समितिका सदस्यहरुमध्येबाट पदाधिकारी वा कार्यकारी सदस्य मनोनित गर्ने ।

## परिच्छेद ५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१३. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:**
देहायका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
१. **अध्यक्ष:** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) साधारण सभा र कार्यकारी समितिको बैठकको सभापतित्व गर्ने तथा सभा र कार्यकारी समितिको बैठक संचालन गर्ने ।
ख) साधारण सभा हुने मिति, समय र स्थान तोक्ने ।
ग) कार्यकारी समितिको बैठक हुने मिति, समय र स्थान तोक्ने ।
घ) कार्यकारी समितिको बैठकमा मतभिन्नता भएमा निर्णयात्मक मत दिने ।
ङ) समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्न कुनै पदाधिकारी वा कार्यकारी सदस्यहरुलाई तोक्ने ।
च) कार्यकारी समितिको जरुरी बैठक बोलाउन आदेश दिने ।

२. **उपाध्यक्ष:** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) अध्यक्षलाई समितिको कार्य संपादनमा सहयोग गर्ने ।
ख) अध्यक्षको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्ने ।

३. **सचिव:** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) कार्यकारी समितिको निर्णय बमोजिम साधारण सभाको बैठक बोलाउने ।
ख) अध्यक्षको आदेश बमोजिम साधारण सभा बोलाउने ।
ग) अध्यक्षको आदेश बमोजिम कार्यकारी समितिको बैठक बोलाउने ।
घ) कार्यकारी समितिको बैठकको छलफल तथा निर्णयहरुको अभिलेख राख्ने ।
ङ) साधारण सभाको छलफलको मान्युट राख्ने ।
च) साधारण सभामा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।

छ) कार्यकारी समितिको निर्णय प्रमाणित गर्ने ।

ज) समितिको विधान, नीति र उद्देश्य अनूरुप कार्यकारी समितिको तर्फबाट आवश्यक लेखापढि गर्ने ।

झ) समितिको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनूमति लिई अन्य आवश्यक काम गर्ने ।

ञ) समितिको नगदी तथा जिन्सी मालसामानको जिम्मा लिई त्यसको हिसाब र श्रेस्ता अध्यावधिक राख्ने ।

ट) समितिको वार्षिक बजेट तयार गरी कार्यकारी समितिमा पेश गर्ने ।

ठ) समितिको आय व्ययको विवरण राख्ने ।

ड) समितिले आफ्नो सदस्यहरुबाट उठाउनुपर्ने शूल्क, आर्थिक सहयोग, जरीवाना र यस्तै अन्य रकमहरु उठाउने व्यवस्था गर्ने ।

ढ) समितिको आर्थिक विषयमा संपूर्ण कुराको रेखदेख तथा नियन्त्रण गर्ने ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

### १४. आर्थिक स्रोत:

समितिको आर्थिक स्रोत देहाय बमोजिम हूनेछ:

क) सदस्यहरुबाट उठेको साधारण सदस्यता शुल्क, साधारण सभाले तोकेको मर्मत संभार शुल्क तथा सिंचाई शुल्क र जरीवाना ।

ख) समितिको लागि कुनै स्रोतबाट प्राप्त पुरस्कार, आर्थिक सहायता, अनुदान, ईत्यादि ।

ग) समितिले प्राप्त गरेको ऋण रकम ।

### १५. चल अचल संपत्तिको विवरण:

क) समितिले आफ्नो प्रयोगको लागि वा स्यालो ट्यूववेल संचालन गर्न वा आवश्यक आर्थिक स्रोत जुटाउन अचल संपत्ति राख्न पाउनेछ र चल संपत्ति उपभोक्ता सदस्य वा अन्य कसैलाई लगानी गर्न सक्नेछ ।

ख) समितिको चल अचल संपत्तिको विवरण कार्यकारी समितिले तोके बमोजिम राखिनेछ । साथै स्यालो ट्यूववेल जडान गरिएको क्षेत्र र सोबाट सिंचाई प्रयोगको लागि बनाइएको टर्सरी र अन्य संरचनाहरु स्वत: संस्थाको हुनेछ ।

### १६. कोष:

क) समितिको संचालनको लागि एउटा कोष रहनेछ । जसमा समितिको लागि प्राप्त सबै रकमहरु रहने छन् ।

ख) समितिको तर्फबाट गरिने सबै खर्च उप दफा (क) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

ग) कोषको संचालन कार्यकारी समितिले तोके बमोजिमको हुनेछ ।

### १७. लेखापरीक्षण:

क) समितिको लेखापरीक्षण प्रत्येक वर्ष साधारण सभाले नियूक्ती गरेको लेखापरीक्षकबाट गराइनेछ

ख) समितिको हिसाब किताबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक साल संस्था नविकरण गर्दा सम्वन्धित कार्यालयमा पेश गरिनेछ ।

## परिच्छेद ७
## विविध

### १८. निर्वाचन संबन्धि व्यवस्था:
पदाधिकारी तथा कार्यकारी सदस्यहरुको निर्वाचन साधारण सभाका सदस्यहरुमध्येबाट गरिनेछ ।

### १९. उम्मेदवार हुन अयोग्यता:
मानसिक वा शारिरिक अश्वस्थताको कारणले आफुले गरेको काम कुरा बुझ्न नसक्ने अवस्थाको सदस्य कार्यकारी समितिको निर्वाचनमा कुनै पदाधिकारी वा कार्यकारी सदस्यको पदको लागि उम्मेदवार हुन पाउने छैन ।

### २०. अविश्वासको प्रस्ताव:
क) साधारण सभामा कुनै पदाधिकारी वा कार्यकारी सदस्यको विरुद्ध साधारण सभामा पच्चिस प्रतिशत सदस्यहरुको मन्जूरीले आफ्नो पद अनुसार आचरण नगरेको आधारमा अविश्वासको प्रस्ताव ल्याएमा र साधारण सभामा दूई तिहाई सदस्यहरुको बहुमतले सो प्रस्ताव पारित भएमा त्यस्तो पदाधिकारी वा कार्यकारी सदस्य आफ्नो पदमा रहन सक्ने छैन ।

ख) अविश्वासको प्रस्ताव राखिएको पदाधिकारी वा कार्यकारी सदस्यलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

ग) एकपटक राखेको अविश्वासको प्रस्ताव पारित हून नसकेमा एक वर्ष ननाघि सोही पदाधिकारी वा कार्यकारी सदस्य उपर पून: अविश्वासको प्रस्ताव राख्न सकिने छैन ।

### २१. राजिनामा:
कुनै पदाधिकारी वा कार्यकारी सदस्य आफ्नो पदबाट हट्न चाहेमा समिति समक्ष आफ्नो पदबाट राजिनामा दिन सक्नेछ । तर त्यस्तो राजिनामा साधारण सभाबाट स्वीकृत हुनुपर्नेछ ।

### २२. सदस्यताबाट स्वत: बन्चित हुने अवस्था:
कूनै पदाधिकारी वा कार्यकारी सदस्य मनासिव कारण नभई विना सुचना कार्यकारी समितिको बैठकमा लगातार तीन पटकसम्म अनूपस्थित रहेमा त्यस्तो पदाधिकारी वा कार्यकारी सदस्य स्वत: आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

### २३. विधान संशोधन:
साधारण सभाको दुई तिहाई बहुमतले संशोधन प्रस्ताव पारित गरी यो विधानको संशोधन गर्न सक्नेछन् । तर त्यस्तो विधान संशोधित मस्यौदा भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यलय रुपन्देहीमा पेश गर्नुपर्नेछ र भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यलय बुटवल रुपन्देहीले विधान संशोधनमा स्वीकृती दिएपछि लागु हुनेछ ।

२०८१ साल ...........महिना .........गतेका दिन बसेको साधारण सभाको बैठक बाट देहायका ब्याक्तिहरु रहेको कार्यसमिति गठन गरि बिधान अनुमोदन गरियो ।

| सी.न. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री | अध्यक्ष | | |
| २ | श्री | उपाध्यक्ष | | |
| ३ | श्री | सचिब | | |
| ४ | श्री | कोषाध्यक्ष | | |
| ५ | श्री | सहसचिब | | |
| ६ | श्री | सदस्य | | |
| ७ | श्री | सदस्य | | |
| ८ | श्री | सदस्य | | |
| ९ | श्री | सदस्य | | |
| १० | श्री | सदस्य | | |
| ११ | श्री | सदस्य | | |

**अनूसूची**

(दफा ३ संग संबन्धित)

संस्थाको छापको नमूना